२०८०/०६/२१

आज मिति २०८०/०६/२१ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम,थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री बिजय भट्टराई | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

खिम नारायण मानन्धर
अध्यक्ष

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

खिल नारायण मानन्धर
अध्यक्ष

| अन्य उपस्थिति | | |
|---|---|---|
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री नोल बहादुर थापा | अधिकृत छैठौं | |
| श्री लाल चन गैंह्रे | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | स्वकीय सचिव | |

मा राजिव घिमिरे — सूचना प्र. अधिकृत

## बैठकका एजेण्डा

१. गत बैठकको समिक्षा ।
२. प्रमुख प्रशासकीय अधिकृत ज्युको स्वागत सम्बन्धमा ।
३. समपुक कोष अन्तरगत संचालित योजनाको लागि रकम प्रदान सम्बन्धमा ।
४. स्वास्थ्य इकाई भवन निर्माण सम्बन्धमा ।
५. सम्मानित उच्च अद्दालतमा यस कार्यालय अध्यक्ष न्यायिक समिती संयोजक ,प्रप्रअ समेतलाई बिपक्षीबनाइ हरिनास ६ ढेगाछाप खानेपानीले दायर गरेको मुद्दाको तारिकको लागि प्रतिनिधी तोक्ने सम्बन्धमा ।
६. सुत्केरी बिदा सम्बन्धमा ।
७. हेलिप्याड सम्बन्धमा ।
८. वडा दशैं दिपावली छड ल्होसार लगाएतका चाडवाडको अवसारमा सम्पुर्ण सवैमा शुभ कामना व्यक्त सम्बन्धमा ।
९. अपांगत कार्यक्रम सम्बन्धमा ।
१०.यस कार्यालयलाई बिपक्षी बनाइ दायर भएको मुद्दामा कानुनि प्रतिरक्षाको लागि कानुन व्यवसायी तोकी सो को पारीश्रमिक सम्बन्धमा ।
११.बिभिन्न योजना तथा कार्यक्रमको लागि रकम प्रदान सम्बन्धमा ।
१२.अन्य बिबिध सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यापलिका बैठकमा भएका निर्णयहरुको समिक्षात्मक गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्राल बाट यस हरिनास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत को रुपमा नियुक्त तथा पदस्थापन भइ आउनु भएका बिजय भट्टराई ज्युलाई हार्दिक स्वागत सम्मान सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

खिल नारायण मानन्धर
अध्यक्ष

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा नेपाल सरकार/प्रदेश सरकार बाट यस गाउँपालिका अन्तरगतका देहाय बमोजिमका योजना समपुरक कोष अन्तर्गत योजना छनौट भइ आएको हुदा देहाय बमोजमको योजनाको लागि देहाय बमोजिमको रकम थप गरी योजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| क्रस | योजना तथा कार्यक्रमको नाम | कार्यक्रम /योजना संचालन हुने स्थान | प्रदान गर्ने निकाय सरकार | रकम | गाउँपालिका बाट थापा गर्न्रे रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | साखेसाल डांडा मोटर बाटो | हरिनास १ | गण्डकी प्रदेश सरकार (समपुरक कोष) | ५००००००।पचास लाख | ५००००००।पचास लाख | १ करोड |

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकार बाट यस गाउँपालिका अन्तरगत स्वास्थ्य सस्थाको भवन निर्माणको लागि रु ५००००००।पचास लाख मात्र रकम बिशेष अनुदान अन्तरगत बिनियोजन भइ आएको हुदा यस हरिनास गाउँपालिका वडा नं...१ .मा स्वास्थ्य इकाइको भवन नभएकोले सम्बन्धी समुदायबाट जग्गा निशुल्क रुपमा प्राप्त भएमा ग्रहण गरी स्वास्थ्य इकाई भवन निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा सम्मानित उच्च अदालत पोखरामा यस हरिनास गाउँपालिकाको कार्यालय,गाउँ कार्यपालिका, अध्यक्ष/संयोजक स्थानीय तह जलश्रोत समिति न्यायिक समिती संयोजक प्रमुख प्रशासकीय अधिकृत समेतलाई बिपक्षी बनाइ दायर गरिएको मुद्द यस आगाडी तत्कालिन प्र.प्र.अ.श्री मुकुन्द राज पौडेललाई यस कार्यालय तथा माथी उल्लिखित पदाधिकारी सम्पूर्णको तर्फबाट प्रतिनिधी खटाइएकोमा उंहा सरुवा भइ जिल्ला प्रशासन कार्यालय कास्कीमा जानु भएको हुदा अव सो मुद्दाको तालिख लागएतका काम काजका लागि माथी उल्लेखित सम्पूर्णको तर्फबाट यस कार्यालयमा कार्यरत अध्यक्षज्युका स्वकीय सचिव पर्शुराम सिग्देललाई आधिकारिक प्रतिनिधी तोकी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा यस कार्यालय र अन्तर्गत कार्यरत निम्न बमोजिमका कर्मचारीहरुबाट सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ बमोजिम सुत्केरी बिदा माग गर्नु भएको हुदा सोहि ऐन बमोजिम प्रसुती बिदा प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

बुद्दिसरा भुजेल MIS फिल्ड सहायक हरिनास गाउँपालिका

खिम नारायण मानन्धर
अध्यक्ष

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

खिल नारायण मानन्धर
अध्यक्ष

निर्णय नं ७ प्रस्ताव नं ७ माथी छलफल गर्दा यस कार्यालय र नेपाली सेनाको संयुक्त पहलमा निर्माणाधीन रहेको हेलिप्याडको निर्माणकार्य सम्पन्न गर्दा लाग्ने वास्तविक लागतको ल.ई.तथा मुल्यांकन बमोजिमको रकम आव २०८०/८१ को जनता संग अध्यक्ष कार्यक्रम शिर्षको रकमबाट सम्बन्धित पक्षबाट माग भएमा रकम प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ८ प्रस्ताव नं ८ माथी छलफल गर्दा वडा दशैं दिपावली छड ल्होसार लगाएतका चाडबाडको अवसारमा सम्पुर्ण सबैमा सुस्वास्थ्य दिर्घायु सुख शान्ति एवम उन्नति प्रगतिको लागि सम्पूर्ण स्वदेश तथा बिदेशमा रहनु भएका हरिनासवासी आदरणीय जनसमुदाय,जनप्रतिनिधी,कर्मचारी शिक्षक सुरक्षाकर्मी पत्रकार लगायत सम्पूर्ण सम्पूर्णमा हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं ९ प्रस्ताव नं ९ माथी छलफल गर्दा यस गाउँपालिकामा रहनु भएका अपांगता भएका महानुभावहरुलाई गाउँ पालिकाबाट जीवन यापनमा सहजता ल्याउन बिभिन्न सहायता सामाग्री आव.२०८०/८१ को बजेट शीर्षक अपाङ्गता सम्बन्धी कार्यक्रम शीर्षकबाट खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं १० प्रस्ताव नं १० माथी छलफल गर्दा यस गाउँपालिकाको कार्यालय,कार्यापलिकाको कार्यालय,गाउँपालिका अध्यक्ष एवम स्थानीय जलश्रोत समितिका संयोजक,न्यायिक समितिका संयोजक,तथा प्रमुख प्रशासकीय अधिकृतसमेतलाई बिपक्षी बनाई उच्च अदालत पोखरामा दायर गरिएको मुद्दामा माथी उल्लेखित सम्पूर्णको तर्फबाट कानुनी बहस पैरवी तथा प्रतिरक्षा गर्नको लागि बरिष्ठ अधिवक्ता श्री सुरेश थापा मगरज्युलाई मुद्दा अवधी भरका लागि नियुक्त गर्ने र पारिश्रमिक स्वरुपरकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११ प्रस्ताव नं ११ माथी छलफल गर्दा यस गाउँपालिका आव २०८०/८१ को जनता संग अध्यक्ष कार्यक्रम शीर्षक बाट तपशिल बमोजिमको योजना तथा कार्यक्रमको लागि तपशिल बमोजिमको बजेट उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्रस | योजना तथा कार्यक्रमको नाम | सन्चालन स्थल | बजेट रकम | बजेट शीर्षक | कै. |
|---|---|---|---|---|---|
| १ | दिब्य दृष्टि युवा क्लव | हरिनास ३ | ५००००पचास हजार | जनतासंगअध्यक्ष | |
| २ | इन्देणी युवा क्लव | हरिनास ४ | १२५०००(एक लाख पच्चीस हजार | जनतासंगअध्यक्ष | |
| ३ | जनहित लांघाली युवा क्लव | हरिनास ४ | ५००००(पचास हजार) | जनतासंगअध्यक्ष | |
| ४ | क्याक्मी बहुमुखी क्लव | हरिनास ६ | ३०००००(तिनलाख) | जनतासंगअध्यक्ष | |
| ५. | कमंते गुर्जा मोटर बाटो निर्माण योजना | हरिनास ५ | ६४००००(छ लाख चालिस हजार) | जनतासंगअध्यक्ष | |

खिल नारायण मानन्धर
अध्यक्ष

विजय भट्टराई
प्रमुख प्रशासकीय अधिकृत